परिशिष्ट ४

बाइबल अध्ययन गर्ने विधि
पाँच वटा चरणहरू भएको विधि

विधिहरू - बाइबल अध्ययन गर्ने विधि र परमेश्वरसँग व्यक्तिगत समय बिताउने विधिको भिन्नतालाई ध्यान दिनुहोस्।

उद्देश्य - सँगै बसेर बाइबल अध्ययन गर्नुको उद्देश्य येशू ख्रीष्टसँगको सम्बन्धमा समूहको सबै जना सँगै वृद्धि हुनु र एकले अर्कोलाई वृद्धि गराउनु हो। बाइबलको ज्ञान र समझ प्राप्त गर्न र त्यसको सत्यताहरूलाई अभ्यास गर्न यसले एक अर्कालाई सहायता गर्छ। यही कारणले गर्दा, समूहका सदस्यहरूले एक-अर्कामा बाइबल अध्ययनको छलफलमा भाग लिनको निम्ति उत्साह दिनु महत्वपूर्ण हुन्छ। बाइबल अध्ययनमा समूहको हरेक सदस्यको सहभागिता महत्वपूर्ण हुन्छ। कुनै सदस्यले भनेको कुरा पूर्णरूपमा सही नभएमा (ईश्वरशास्त्रीयरूपमा), उसलाई अलग गरिनु हुँदैन। एक व्यक्तिले बोल्दैगर्दा, समूहका अरू सदस्यहरूले सुन्नु पर्छ, उसलाई गम्भीररूपमा स्वीकार गर्नु पर्छ भनी समूहको हरेक सदस्यले महसुस गर्नु पर्छ। समूहका सदस्यहरूले बाइबलको ज्ञानमा प्रतिस्पर्धा गर्ने होइन तर वृद्धि हुँदै जान र सिकेका कुराहरू आत्मविश्वासको साथ बाँड्न एकले अर्कालाई उत्साह दिँदै प्रेम गर्नु पर्छ।

समूहको अगुवा - बाइबल अध्ययन गर्दा समूहको अगुवा शिक्षकजस्तो हुनु हुँदैन, बरु त्यही समूहको सदस्यझैँ भई सहभागी हुनु पर्छ। सबै मिलेर बाइबलको सत्यताहरू पत्ता लगाउन र छलफल गर्न सिक्नको लागि उसले समूहका सदस्यहरूलाई उत्साह दिनु पर्छ।

फाइदाहरू - बाइबल अध्ययन गर्ने पाँच वटा चरणहरू भएको विधिमा निम्नलिखित फाइदाहरू छन्:

- बाइबल अध्ययन गर्ने यो विधि सिक्न सजिलो छ र अरूलाई सिकाउन पनि सजिलो छ।
- बाइबल अध्ययन गर्ने यो विधि एक्लै अथवा सानो समूहमा बाइबल अध्ययन गर्नको निम्ति प्रयोग गर्न सकिन्छ।
- बाइबल अध्ययन गर्न यस विधिले सानो समूहको हरेक व्यक्तिलाई सङ्लग्न गरी बाइबल अध्ययनको हरेक चरणमा सहाभागी गराउँछ।
- समूहका सदस्यहरूले बाइबल खण्ड अध्ययन गर्दा निस्कने प्रश्नहरू बुझ्न कोसिस गर्नुभन्दा पहिले नै तिनीहरूले उत्तरहरू पत्ता लगाउँछन् र बुझेको कुराहरूमा उनीहरू आनन्दित हुन्छन्।
- समूहका सदस्यहरूले आफ्नो जीवनसँग मेल खाने उपयोगी प्रश्नहरू सोध्छन्।
- समूहका सदस्यहरूले आफ्ना प्रश्नहरूको उत्तर पत्ता लगाउन धेरैभन्दा धेरै व्यक्तिहरू सहभागी गराउँछन्।
- समूहका सदस्यहरूले अध्ययन गरेको बाइबल खण्डलाई आफ्नो जीवनमा प्रयोग गर्ने सम्भावनाहरूलाई विचार गर्दै बाइबलको सत्यतालाई आफ्नो जीवनसँग तुलना गर्न सिक्छन्।
- समूहका सदस्यहरूले एउटा सम्भावित प्रयोगलाई छानेर सजिलै आफ्नो जीवनको व्यक्तिगत प्रयोग बनाउन सक्छन्।
- समूहका सदस्यहरूले परमेश्वरले बाइबलद्वारा तिनीहरूलाई सिकाउनुभएको शिक्षाप्रति सधैँ प्रार्थनामा प्रतिक्रिया जनाउँछन्।

चरण १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

पढ्नुहोस् - हामी सबै मिलेर .....(बाइबल खण्ड) पढौँ।
हामी प्रत्येकले एक-पक पद गरी पालैपालो पढेर यस खण्डलाई पूरा गरौँ।

चरण २ - पत्ता लगाउनुहोस् **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो बाइबल खण्डमा तपाईंको लागि कुन सत्यता महत्वपूर्ण छ? अथवा, यो बाइबल खण्डको कुन सत्यताले तपाईंको समझ र हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँबाट तपाईंले बुझ्नुहुने एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र आफ्नो विचारहरूलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका सदस्यहरूले विचार गर्न र लेख्न दुई मिनेटजति समय लिएपछि पालैपालो त्यसलाई बाँड्न लगाउनुहोस्।)
हामी प्रत्येकले यस खण्डबाट पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(याद गर्नुहोस् - हरेक सानो समूहमा, सदस्यहरूले फरक-फरक कुराहरू बाँड्नेछन्।

चरण ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यो बाइबल खण्डको बारेमा कुन प्रश्न तपाईं यो समूहमा सोध्न चाहनु हुन्छ?
.....मा भएका सत्यताहरू बुझ्न कोसिस गरौँ र हामीले अझै नबुझेका कुराहरूको बारेमा प्रश्नहरू सोधौँ।
लेख्नुहोस् - सकेसम्म आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि उक्त प्रश्नलाई तपाईंको नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका सदस्यहरूले विचार गर्न र लेख्न दुई मिनेट जति समय लिएपछि, प्रत्येक व्यक्तिलाई उसको प्रश्न समूहमा बाँड्न दिनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि ती प्रश्नहरूमध्ये केही छान्नुहोस् र तपाईंको समूहमा सबै जना मिलेर छलफल गरी त्यसको उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।

चरण ४ - लागू गर्नुहोस्। **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो बाइबल खण्डको कुन सत्यताहरू इसाईहरूको लागि प्रयोग गर्न सम्भावन छन्?
बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्कालाई ..... मा दिमाग खियाउन लगाऔँ र सम्भावित उत्तरहरूको सूची लेख्न एकले अर्कोलाई अनुरोध गर्नुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका कुन सम्भावित प्रयोगलाई परमेश्वरले तपाईंको व्यक्तिगत प्रयोग बनाएको चाहनु हुन्छ?
लेख्नुहोस् - तपाईंको यस व्यक्तिगत प्रयोगलाई आफ्नो नोटबुकमा लेख्नुहोस्। तपाईंको व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ आफ्नो समूहमा बाँड्नुहोस्।
(यो कुरा याद गर्नुहोस्, कि हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू प्रयोग गर्नेछन् र उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन्।

चरण ५ - प्रार्थना गर्नुहोस् **प्रतिक्रिया**

परमेश्वरले हामीलाई ..... बाट सिकाउनुभएको एउटा सत्यताको बारेमा पालैपालो प्रार्थना गरौँ।
(यस बाइबल अध्ययनबाट तपाईंले के सिक्नुभएको छ, त्यसबारे आफ्नो प्रार्थनामा प्रतिक्रिया जनाउनुहोस्। एक वा दुई वाक्यहरूमा प्रार्थना गर्न अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका लागि प्रार्थना गर्नेछन् भनी याद गर्नुहोस्।)